प.सं. च.नं./Ref:

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन मिति घोषणा सम्बन्धमा

प्रेस विज्ञप्ति

मिति : २०७९ माघ १६ गते

निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन मिति घोषणा गरी मतदानको समय निर्धारण र निर्वाचन कार्यतालिका तय गरेको छ । आयोगको निर्णयानुसार संवत् २०७९ साल फागुन २५ गते बिहीबारका दिन राष्ट्रपतिको र संवत् २०७९ साल चैत्र ३ गते शुक्रबारका दिन उपराष्ट्रपतिको निर्वाचन गर्ने गरी निर्वाचनको मिति तोकिएको हो । दुवै पदका लागि तोकिएको दिन तोकिएको मतदान केन्द्रमा बिहान १०: ०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मतदान हुने गरी मतदानको समय निर्धारण गरिएको छ ।

नेपालको संविधानको धारा ६३ को उपधारा १ र धारा ६९ बमोजिम राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने संवैधानिक व्यवस्था रहेको छ ।

संवत् २०७४ साल फागुन २९ गते भएको राष्ट्रपतिको निर्वाचनमा निर्वाचित हुनुभएका वर्तमान राष्ट्रपतिको पदावधि २०७९ साल फागुन २८ गते समाप्त हुने भएको तथा संवत् २०७४ साल चैत ४ गते निर्विरोध निर्वाचित हुनुभएका वर्तमान उपराष्ट्रपतिको पदावधि २०७९ चैत ३ गते समाप्त हुने भएकोले सो अगावै निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकिएको हो ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४ र ५ बमोजिम आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनको मिति घोषणा गरी सो को जानकारी नेपाल सरकारलाई दिनुपर्ने तथा सोसम्बन्धी सूचना राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४ तथा दफा ५ को उपदफा (३) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकाले सोका लागि नेपाल सरकारका मुख्य सचिवमार्फत नेपाल सरकार मन्त्रिपरिषद्लाई आयोगले लेखी पठाउनेछ । आयोगले तोकिएको मितिमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिव मार्फत नेपाल सरकार मन्त्रिपरिषद्लाई लेखी पठाउनेछ ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार राष्ट्रपतिको निर्वाचनका लागि फागुन १० गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन गर्ने, फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने तथा उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, लगायतका कार्यक्रम तय गरिएको छ ।

(नोट : दुवै पदका लागि स्वीकृत निर्वाचन कार्यक्रम यसैसाथ सम्लग्न रहेको छ ।)

२०७९।१०।१६

शालिग्राम शर्मा पौडेल

सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

राष्ट्रपति निर्वाचन, २०७९

**निर्वाचन कार्यक्रम**

(राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६ सँग सम्बन्धित)

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०७९।११।१० | | १०.०० | ११.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | दावी विरोधको उजूरी दिने (प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने समेत) | २०७९।११।१० | २०७९।११।११ | ११.०० | १२.०० | ऐ. ऐ. | २०७९।११।१० गते ११:०० बजे देखि २०७९।११।११ गते १२:०० बजेसम्म |
| ३ | निवेदन तथा उजूरी उपर छानविन र कारवाही गर्ने | २०७९।११।११ | २०७९।११।१२ | १२:०० | १५.०० | ऐ. ऐ. | २०७९।११।११ गते १२:०० बजे देखि २०७९।११।१२ गते १५:०० बजेसम्म |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९।११।१२ | | १५.०० | १६.०० | ऐ. ऐ. | |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७९।११।१३ | | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ६ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९।११।१३ | | १५.०० | १६.०० | ऐ. ऐ. | |
| ७ | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७९।११।१४ | | १०.०० | १४.०० | ऐ. ऐ. | |
| ८ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९।११।१४ | २०७९।११।१५ | १४.०० | १४.०० | ऐ. ऐ. | २०७९।११।१४ गते १४:०० बजे देखि २०७९।११।१५ गते १४:०० बजेसम्म |
| ९ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९।११।१५ | | १४.०० | १७.०० | ऐ. ऐ. | |
| १० | उम्मेदवारले नाम फिर्ता लिने | २०७९।११।१६ | | १०.०० | १६.०० | ऐ. ऐ. | |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९।११।१६ | | १६.०० | १७:०० | ऐ. ऐ. | |
| १२ | मतदान गर्ने | २०७९।११।२५ | | १०.०० | १५.०० | तोकिएको मतदान केन्द्र | |

**द्रष्टव्य** :

१. क्रम सङ्ख्या १ बमोजिमको मतदाता नामावली आयोगको वेवसाइट www.election.gov.np मा समेत प्रकाशन गरिने छ ।

२. मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरू गरिनेछ । मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ । तर कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुन:मतदान गराउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकि पुन: मतदान गराइनेछ ।

३. बुँदा नम्बर १ देखि ४ सम्मका क्रियाकलापहरू उपराष्ट्रपतिको निर्वाचन समेतका लागि कायम गरिएको छ ।

४. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले राष्ट्रपतिको निर्वाचनमा उम्मेदवारी दिने भएमा बन्दसूचीबाट नाम फिर्ता लिनु पर्नेछ ।

उपराष्ट्रपति निर्वाचन, २०७९

**निर्वाचन कार्यक्रम**

(राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६ सँग सम्बन्धित)

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७९।११।२७ | | ०९.०० | १४.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९।११।२७ | | १४.०० | १५.०० | ऐ. ऐ. | |
| ३ | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७९।११।२७ | | १५.०० | १८.०० | ऐ. ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९।११।२८ | | | १२.०० | ऐ. ऐ. | २०७९।११।२७ गते १८:०० बजे देखि २०७९।११।२८ गते १२:०० बजेसम्म |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९।११।२८ | | १२.०० | १३.०० | ऐ. ऐ. | |
| ६ | उम्मेदवारले नाम फिर्ता लिने | २०७९।११।२८ | | १३.०० | १६.०० | ऐ. ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९।११।२८ | | १६.०० | १७:०० | ऐ. ऐ. | |
| ८ | मतदान गर्ने | २०७९।१२।०३ | | १०.०० | १५.०० | तोकिएको मतदान केन्द्र | |

**द्रष्टव्य** :

१. मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरू गरिनेछ । मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ । तर कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुन:मतदान गराउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकि पुन: मतदान गराइनेछ ।

२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले राष्ट्रपतिको निर्वाचनमा उम्मेदवारी दिने भएमा बन्दसूचीबाट नाम फिर्ता लिनु पर्नेछ ।